फानः ०६१-५०६४००

# मादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

कुमाकोडाँडा, कास्की

मादी गाउँपालिका
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८१/०८२
चलानी नं :

मिति : २०८१/०४/०२

**विषयः- सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउने सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा (पहिलो संशोधन) नियमावली, २०७६ को नियम ९ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा (४) अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आ.व. २०८१/०८२ मा पनि नियमित रूपमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न २०८१ भाद्र मसान्त भित्र बायोमेट्रिक सहित परिचयपत्र नवीकरण गरिसक्नुपर्ने कानूनी प्रावधान रहेकोले व्यक्ति स्वयमं आ-आफ्नो स्थायी ठेगाना रहेको वडा कार्यालयमा गई आफ्नो परिचयपत्र नवीकरण गर्नुहुन सम्बन्धित सरोकारवाला सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तर बालबालिका, पूर्ण अपाङ्ग (रातो कार्ड प्राप्त) भएका र ९० वर्ष माथिका व्यक्तिहरुको हकमा निजका आमाबुवा तथा संरक्षक उपस्थित भई नवीकरणका लागि आवेदन दिन सकिनेछ । तोकिएको समयमा नवीकरण गर्न नआएमा वा नगराएमा लाभग्राहीको स्वतः लगतकट्टा हुने हुँदा सामाजिक सुरक्षा भत्ता प्राप्त हुने छैन ।

सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नका लागि निम्न बमोजिमका आवश्यक कागजातहरु वडा कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

**आवश्यक कागजातहरुः**

- लाभग्राहीको १० अङ्कको राष्ट्रिय परिचय नम्बर ( बालबालिका, पूर्ण अपाङ्ग( रातो कार्ड प्राप्त ) र ९० वर्ष माथिका लाई राष्ट्रिय परिचय नम्बर आवश्यक नपर्ने )
- सामाजिक सुरक्षा लाभग्राही परिचयपत्र,
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- पासपोर्ट साईजको १ प्रति फोटो,
- विधवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि र पुनः विवाह नगरेको प्रमाणित सिफारिस,
- अपाङ्गता भएका व्यक्तिहरुको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता प्रमाणपत्रको प्रतिलिपि,
- बालबालिकाको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- एकल महिलाको हकमा हालसम्म विवाह नगरेको ६० वर्ष उमेर पुरा भएको प्रमाणपत्र प्रतिलिपि ।

**नोटः** वडा सचिवहरुलाई भत्ता नवीकरणको लागि बायोमेट्रिक डिभाइस सम्बन्धी तालिम दिनुपर्ने भएकोले सम्पूर्ण लाभग्राहीहरु श्रावण ७ गते पश्चात मात्रै भत्ता परिचयपत्र नवीकरणका लागि वडा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

२०८१/०४/०२

..................
सुबोध खनाल
प्रशासकीय अधिकृत